# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

नेपाल आर्थिक पत्रकार समाज, सेजनले मंसिर १५ गते राजधानीमा आयोजना गरेको एक कार्यक्रममा गभर्नर डा. युवराज खतिवडाले यस वर्षको सेजन अवार्ड वितरण गर्नुभयो ।

सो अवसरमा उहाँले पुरस्कृत पत्रकारहरूलाई बधाई दिँदै आर्थिक पत्रकारिताको विकासका लागि नेपाल राष्ट्र बैंकको सहयोग निरन्तर जारी रहने बताउनुभयो ।



कार्यक्रममा देशको वित्तीय क्षेत्रमा भएको उन्नति र प्रगतिको भागीदार निक्षेपकर्ता, संस्थापक, शेयरधनी र कर्मचारीहरू पनि हुनुपर्ने धारणा व्यक्त गर्दै उहाँले बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतको तलब सुविधा सम्बन्धमा हालै जारी निर्देशनले ती संस्थाहरूको संस्थागत मनोबल वृद्धि गर्न सहयोग गर्ने चर्चा गर्नुभयो । सो निर्देशनमार्फत सीमा तोकिएका कारण प्रमुख कार्यकारी अधिकृतले कम्तिमा पाउनुपर्ने तलब सुविधा सुरक्षित भएको उल्लेख गर्दै उहाँले तोकिए बमोजिम तलब सुविधा लिने प्रमुख कार्यकारी अधिकृत कानूनी रुपमा पनि सुरक्षित भएको बताउनुभयो ।

सेजनका अध्यक्ष श्री नारायण सापकोटाको अध्यक्षतामा सञ्चालित सो कार्यक्रममा नेपाल बैंकर्स संघका उपाध्यक्ष श्री राजनसिंह भण्डारी, नेपाल उद्योग वाणिज्य संघका अध्यक्ष श्री कुशकुमार जोशी, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष श्री सुरेन्द्रवीर मालाकार, धितोपत्र बोर्डका अध्यक्ष श्री सुरवीर पौड्याल र किस्ट बैंकका प्रवन्ध निर्देशक श्री कमल ज्ञवालीले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

सेजनले यस वर्ष हिमाल खबरपत्रिकाका श्री सन्त गाहामगर र रिपब्लिका दैनिकका श्री मिलनमणि शर्मालाई दामासाही रुपमा रु. ५१ हजारको सेजन अवार्ड वितरण गरेको थियो ।

मिति: २०६७ मंसिर १६ गते

गभर्नरको कार्यालय